# नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को अवधारणा गोष्ठी

# प्रेश विज्ञप्ती

**<u>१७ फागुन २०७३</u>**

**काठमाण्डौ**

केन्द्रीय तथ्याङ्क विभाग नेपाल सरकारको तथ्याङ्क संकलन, प्रशोधन एवं शारिणीकरण गरी प्रकाशन तथा वितरण गर्ने एक प्रमुख सरकारी निकाय भएको हुँदा विभागबाट समय समयमा पूर्ण गणना, सर्वेक्षणहरु तथा अन्य श्रोतबाट तथ्याङ्कहरु संकलन गरी यसका नतिजाहरु प्रयोगकर्ता समक्ष पुऱ्याउने प्रयास भईरहेको छ । तथ्याङ्कै आधारमा योजना तर्जुमा तथा नीति निर्माण हुने भएकोले संकलित तथ्याङ्कहरु भरपर्दो तथा विश्वसनिय हुनु अत्यन्त महत्वपूर्ण छ तर यस्तो तथ्याङ्कको लागि तथ्याङ्क उत्पादन गर्ने निकायको एक्लो प्रयासबाट मात्र सम्भव छैन, यसको लागि सम्पूर्ण तथ्याङ्कका प्रयोगकर्ता, सरोकारवाला संघ संस्था, नागरिक समाज, पत्रकार र सिङ्गो राष्ट्रकै भूमिका त्यतिकै महत्वपूर्ण हुन्छ ।

नेपालमा प्रत्येक दश दश वर्षमा सञ्चालन गरिने जनगणना, कृषि गणना, पाँच पाँच वर्षमा सञ्चालन गरिने औद्योगिक गणनाबाट मात्र देशको दिगो विकास लक्ष हासिल गर्ने नीति, योजना, कार्यक्रमहरु तर्जुमा तथा क्रियान्वयनका लागि आवश्यक तथ्याङ्क आपुर्ति हुने देखिदैन । मुलुकको आर्थिक क्रियाकलापहरुलाई मुल्यांकन गर्न र यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता हुन्छ । दिगोरुपमा आर्थिक तथ्याङ्कहरु उपलव्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता रहेकोले  सबै उद्योग, व्यवसाय प्रतिष्ठानहरु जस्ता आर्थिक इकाईहरुको विवरण संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्यता रहेको छ । यसै सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागले जापान सरकारको प्राविधिक सहयोगमा विक्रम सम्बत २०७५ साल वैशाखमा नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्ने कार्यक्रम रहेको छ । राष्ट्रिय आर्थिक गणना २०७५ को मुख्य उद्देश्यहरु (१) उद्योग, व्यावसायिक प्रतिष्ठानहरुको आर्थिक क्रियाकलाप सम्वन्धी वर्तमान अवस्था र यसका वित्तीय पक्षहरु सहित आधारभूत तथ्याङ्कहरु उपलब्ध गराउनु, (२) केन्द्रीय तथा स्थानीय निकायहरुलाई नीति निर्माण गर्न, राष्ट्रिय लेखा प्रणालीको लेखाजोखा गर्नु, (३) प्राज्ञिक अध्ययन र अनुसन्धानका लागि आवश्यक तथ्याङ्क उपलव्ध गराउनु, (४) तथ्याङ्कीय सर्वेक्षणहरुका लागि फ्रेम उपलव्ध गराउनु र (५) नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर स्थापनाका लागि आधारशिला खडा गर्नु रहेको छ । यसै परिप्रेक्ष्यमा यस आर्थिक वर्षमा आर्थिक गणना सफलताका साथ सम्पन्न गर्न विभागले आवश्यक पूर्व तयारीका कार्यक्रमहरु जस्तै प्रश्नावली, निर्देशिका निर्माण, पूर्व परीक्षण, पाइलट आर्थिक गणना सञ्चालन गर्दैछ ।

तथ्याङ्कहरु, तथ्याङ्क उत्पादन गर्ने निकायको लागि नभई प्रयोगकर्ताहरुको लागि भएकोले संकलित तथ्याङ्कहरु प्रयोगकर्ताको आवश्यकता बमोजिम हुनु पर्दछ भन्ने वास्तविक मान्यतामा केन्द्रीय तथ्याङ्क विभाग विश्वस्त छ । यस गणनाबाट राष्ट्रिय तथ्याङ्क प्रणालीको जग मजबुत हुने अपेक्षा गरिएको छ । तसर्थ सरोकारवालाहरुलाई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को अवधारणा बारे सामान्य जानकारी गराउने र यस गणनालाई सफल गराउन आवश्यक सुझावहरु प्राप्त गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभागको परिसरमा राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री चन्द्र कुमार घिमिरे ज्युको सभापतित्वमा मिति २०७३ फाल्गुण १७ गते राष्ट्रिय आर्थिक गणना २०७५ को अवधारणा गोष्ठीको आयोजना गरिएको हो । कार्यक्रममा विभागको आर्थिक तथ्याङ्क महाशाखा प्रमुख श्री नेविन लाल श्रेष्ठ ज्युले स्वागत मन्तव्य दिनु भएको थियो । गोष्ठीमा विभागको आर्थिक गणना शाखाका निर्देशक श्री महेश चन्द प्रधानले राष्ट्रिय आर्थिक गणना २०७५ : राष्ट्रिय तथ्याङ्क प्रणालीमा नयाँ शुरुवात” विषयमा र JICA का मूख्य सल्लाहाकार श्री फुमिहिको निशीले “Role of Economic Census in Development and Application of Technological Advancements” विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यस्तै आर्थिक गणना शाखाका निर्देशक श्री अनिल शर्माले यस आर्थिक गणनाको तथ्याङ्क संकलनका लागि उपयोग गरिने अनलाइन सर्वेक्षण विधिको बारेमा कार्यपत्र र अनलाइन डेमो प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा यस विभागका महानिर्देशक श्री सुमन राज अर्यालले अबको राष्ट्रिय आर्थिक गणनाले देशको आर्थिक तथ्याङ्क मजबुत गर्ने दिशामा कोशेढुंगा सावित हुने र संविधान लागु गर्ने दिशामा आवश्यक तथ्याङ्कीय आधार खडा गर्न पनि यो गणना आधारशिला रहेको कुरा उल्लेख गर्नुभएको थियो । कार्यक्रमका सभापति राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री चन्द्र कुमार घिमिरेले राष्ट्रिय आर्थिक गणना २०७५ नेपालको ऐतिहासिक तथ्याङ्कीय क्रियाकलाप रहेको र वि.सं २०७५ मा उपलब्ध प्रविधिहरु उपयोग गरि तथ्याङ्क संकलन कार्य उपलब्धीमूलक हुने कुरा उल्लेख गर्नु भयो । देश संघीयताको संरचना प्रवेश शुरु गरि सकेको अवस्थामा नीति तथा योजना तर्जुमा गर्ने सन्दर्भमा यस आर्थिक गणनाको नतिजा विभिन्न सरोकारवालाहरुले उपयोग हुने कुरा उल्लेख गर्नु भयो । पन्ध्रौ योजना तर्जुमा गर्ने तिथि सम्ममा यस गणनाले सहयोग पुऱ्याउने छ । यस कार्यक्रममा सरोकारवालाहरुले उठाएका मुद्दाहरुलाई पनि विचार पुऱ्याउन निर्देशन दिनु भयो र अन्तमा आर्थिक गणना शुरुवात तथा यसको सफलताका लागि बधाइ तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

यस गणनामा नेपालमा अवस्थित वा क्रियाशिल *दर्ता भएका कृषि, वन तथा माछापालन व्यवसाय, खानी तथा उत्खनन्; आद्योगिक उत्पादन; विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपुर्ति; पानी आपुर्ति, ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलापहरु ; निर्माण; थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत; यातायात तथा गोदाम; आवास सुविधा तथा खाना व्यवस्थाका क्रियाकलापहरु; सूचना तथा सञ्चार; वित्तीय तथा विमा सम्बन्धि क्रियाकलापहरु ; घरजग्गा कारोबार; पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु ; प्रशासनिक तथा सहयोगी क्रियाकलापहरु ; शिक्षा; मानव स्वास्थ्य तथा सामाजिक*

*कार्यका क्रियाकलापहरु ; कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलापहरु ; र अन्य सेवा क्रियाकलापहरु* सञ्चालन गर्ने व्यावसायिक आर्थिक इकाईहरुको ठेगाना, मूख्य क्रियाकलाप, रोजगार, पूँजी लगानी, ऋणमा पहूँच, रोजगारी आदि सम्बन्धी बिवरण संकलन गरिनेछ । नेपालको तथ्याङ्कीय इतिहासमा प्रथमपटक यस गणनामा कागजी प्रश्नावली फारामका अलावा अनलाइन सर्वेक्षण (e-census) मार्फत उत्तरदाताले आफ्नो व्यवसायको विवरण आफै भर्न सक्ने र गणक मार्फत ट्याव्लेट कम्प्युटर प्रयोग गरी गणना गर्न सकिने विधि अपनाइने छ ।

यस आर्थिक गणनालाई सफलताका साथ सम्पन्न गर्न सबै सरोकार राख्ने नेपाल सरकारका निकायहरु, पत्रकार, उद्योगी, व्यवसायीहरु, शैक्षिक प्रतिष्ठानहरु, स्वास्थ्य व्यवसायीहरु, गैरसरकारी संस्था र सम्पूर्ण नागरिकहरुको सहयोग तथा सदभाव रहने केन्द्रीय तथ्याङ्क विभागले अपेक्षा तथा विश्वास लिएको छ । यसका साथै तथ्याङ्क ऐन, २०१५ अनुसार व्यवसायको संकलित विवरणहरु गोप्य रहने र केवल सामूहिक तथ्याङ्कीय प्रयोजनका लागिमात्र उपयोग हुनेमा केन्द्रीय तथ्याङ्क विभाग विश्वास दिलाउन चाहन्छ ।

धन्यवाद !　　　　　　　　केन्द्रीय तथ्याङ्क विभाग

***“दिगो आर्थिक विकासको आधारका लागि आर्थिक गणना”***